
# धनुषाको जनकचोकमा भएको गोलीकाण्ड
# र
# मुजेलिया प्रहरी चौकीमा माओवादीले गरेको आक्रमणको
# स्थलगत अध्ययन प्रतिवेदन



मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC)
सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२०६२ चैत १५, काठमाण्डौ

# सारांश

जनकपुरको मुजेलिया प्रहरी चौकीमा माओवादीहरूले गरेको आक्रमणमा २ जना प्रहरीको मृत्यु भएको र ५ जना प्रहरी घाइते भएको साथै एक सर्वसाधारण सुरक्षित हुनका लागि कोठा तर्फ जाँदै गर्दा सामान्य चोट लागेको पाईयो। मृतक मध्ये एक जनालाई माओवादीले कब्जा गरी सकेपछि नमार्न अनुरोध गर्दा गर्दै गोली हानी हत्या गरेको पाइयो। माओवादीहरूले कब्जा पश्चात हत्या गरी मानवअधिकार र जेनेभा महासन्धि को साझा धारा ३ को पूर्ण रुपमा उल्लंघन गरेका छन्।

जनकपुर नगरपालिकाकै जनकचोकमा प्रहरी निरिक्षक प्रकाश शर्माको नेतृत्वमा रहेको प्रहरीले प्रहार गरेको गोलीबाट रामचन्द्र यादवको घटनास्थलमा नै मृत्यु भयो। घाइते भएका मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारको उपचार गर्दा गर्दै २०६२ चैत १५ गते बिहान २ बजे त्रिवि शिक्षण अस्पताल काठमाण्डौंमा मृत्यु भएको पाइयो।

प्रहरीको हतास मानसिकता र हतियार उन्मादमा गोली चलाउँदा उक्त अपराधिक घटना भएको पाइयो। उक्त घटनामा प्रहरीहरूले बाँच्न पाउने मानवअधिकार तथा मौलिक हकको पूर्ण रुपमा उल्लंघन गरेका छन्। त्यसै गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको व्यवस्था विपरित मान्छेहरू मर्ने प्रष्ट देखिँदा देखिँदै मनसाय पूर्वक गोली प्रहार गरेका छन्।

मावनअधिकार सन्धि अनुगमन समन्वय समिति जनकचोक घटनाको निष्पक्ष छानविन गरी घटनाका दोषी र अनावश्यक रुपमा हवाईफायर गरी गोली प्रहार गर्न उत्साहित गर्ने तथा हतियार तेर्‍याएर आतंकित वातावरण सृजना गर्ने संलग्न सबै प्रहरी सुरक्षाकर्मीहरूलाई कानुन बमोजिम कारबाही गर्न सरकारसँग माग गर्दछ र पीडितका परिवारहरूलाई तत्काल उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछ।

मुजेलियाको घटनामा माओवादीहरूले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गरेको पाइएकाले हत्यामा संलग्न रहेका सबैलाई कारबाही गर्न आग्रह गरिन्छ। यसैगरी मानवअधिकार तथा मानवीय कानूनको पालना गर्न जनाइएको प्रतिबद्धता पूर्णरुपमा पालना गर्न पनि आव्हान गरिन्छ।

**पृष्ठभूमि**

२०६२ चैत ११ गते मध्यमाञ्चलको धनुषा जिल्लाको मुजेलिया र जनकचोकमा अलग-अलग २ वटा घटना लगातार भए। मुजेलियामा माओवादी आक्रमण र जनकचोकमा चलाइएको गोलीबाट एक स्थानीय व्यक्तिको मृत्यु भएको र राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी घाइते भएकाले घटनाको सत्य तथ्य अध्ययन गर्नुपर्ने भनी जानकारी मानवअधिकार सन्धि अनुगमन समन्वय समितिलाई प्राप्त भयो। सो बमोजिम घटनाको सत्य तथ्य अध्ययनका लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली घटनास्थलतर्फ प्रस्थान गर्‍यो। टोलीले २०६२ चैत १३ गतेदेखि १५ गतेसम्म घटनाको स्थलगत अध्ययन गर्‍यो। टोलीले घटनाका सम्बन्धमा पीडित, पीडितका परिवार, प्रत्यक्षदर्शी , स्थानीय प्रशासन र सम्बन्धित व्यक्तिहरूसँग भेट गरी घटनाको अध्ययन गर्‍यो।

**अध्ययनको उद्देश्य**

- घटनाको अध्ययन गर्ने
- घटनाको सत्य तथ्य पत्ता लगाउने
- घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने।

**अध्ययन पद्धति**

- घटनास्थलको अवलोकन
- पीडित, पीडितका परिवार, घटनाका प्रत्यक्षदर्शी, स्थानीय प्रशासन तथा सुरक्षा निकाय र सम्बन्धित व्यक्तिहरूसँग भेट गरी घटनाको बारेमा जानकारी लिने।

**अध्ययन टोली**

| | |
|---|---|
| कपिल काफ्ले | इह्रीकन, काठमाडौं |
| लुमासिंह विश्वकर्मा | इन्सेक, काठमाडौं |
| भोजराज अधिकारी | मानवअधिकार एलाइन्स, काठमाडौं |
| प्रकाश परियार | कोक्याप, काठमाडौं |
| रोशनदीप ढकाल | इन्सेक जिल्ला प्रतिनिधि, धनुषा |

**घटनाको संक्षिप्त विवरण**

***घटना १. मुजेलिया***

**घटना मितिः** २०६२ चैत ११ गते साँझ अं. ५ बजे

**स्थानः** जनकपुर नगरपालिका वडा नं. १४ मुजेलिया

**पीडितः** प्रहरी सुरक्षाकर्मी

**पीडकः** माओवादी

| **क्र.स.** | **नाम** | **पद** | **कैफियत** |
|---|---|---|---|
| १ | रामनाथ यादव | प्रह | मृतक |
| २ | प्रेम स्याङ्बो | प्रज | ,, |
| ३ | अनिल कुमार पटेल | ,, | घाइते |
| ४ | राज कुमार बुढाथोकी | ,, | ,, |
| ५ | गोबिन्द घर्ती | प्रह | ,, |
| ६ | संजय कुमार साह | प्रज | ,, |
| ७ | भवानी कुर्मी | ,, | ,, |
| ८ | किशोरी यादव | सर्वसाधारण | सामान्य घाइते |

***घटना २. जनकचोक***

**घटना मितिः** २०६२ चैत ११ गते साँझ अं. ६.३० बजे

**स्थानः** जनकपुर नगरपालिका वडा नं. २ जनकचोक

**पीडितः** सर्वसाधारण मानवअधिकारकर्मी

**पीडकः** प्रहरी सुरक्षाकर्मी

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | रामचन्द्र यादव | सक्रिय सदस्य, रा.प्र.पा. संस्थापन | घटनास्थलमै मृत्यु |
| २ | दयाराम परियार | कर्मचारी, राष्ट्रिय मानवअधिकार आयोग | उपचार गर्दा गर्दै मृत्यु |

**घटना विवरण तथा पाइएका तथ्यहरू**

घटनास्थल, घटनाका प्रत्यक्षदर्शीहरूका अनुसार धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १४ मा रहेको मुजेलिया वडा प्रहरी कार्यालयमा २०६२ साल चैत ११ गते साँझ अं.५ बजेको समयमा माओवादीहरूले गाडीमा आई आक्रमण गरे। चौकीको सेन्ट्रीमा रहेका एक प्रहरीको घटना स्थलमा नै मृत्यु भयो। अर्को एकजना खुट्टामा गोली लागेको अवस्थामा चौकीदेखि दक्षिणतर्फ हतियार लिएर भाग्दै गर्दा माओवादीले लखेट्दै जाँदा करिब १०० मीटर पर लड्दा लखेट्दै गरेको एक माओवादी र पश्चिमतिर रहेका २ माओवादीहरूले घाइतेले नमार्न अनुरोध गर्दागर्दै मृतककै हतियारले ३ पटक गोली प्रहार गरी मारे। अन्य प्रहरीहरू चौकीको पछाडि रहेको पोखरीमा हामफाली पारी तरी भाग्न सफल भए। माओवादीले केही हतियार कब्जा गरी लिई गए।



**मृतक दयाराम परियार घाइते अवस्थामा जनकपुर अस्पतालमा उपचारका क्रममा**

घटना भएको करिब आधा घण्टापछि जनकपुरधामबाट सुरक्षाफौज त्यहाँ पुगी मृतकहरू र अन्य प्रहरीहरूलाई लिई जनकपुरधाम आयो।

उक्त घटना भएको करीब डेढ घण्टापछि जनकपुरधामको मुख्य नगर क्षेत्र जनकचोकमा गोलीकाण्ड भयो। २०६२ चैत ११ गते साँझ अं. ६:३० बजेको समयमा उत्तरतर्फ रहेको जनकपुर रेल्वे स्टेशनबाट जनकचोकतिर गाडीसहित प्रहरीहरू हतियार तयारी अवस्थामा राखी सबैलाई त्रसित पार्ने तरिकाले आइरहेका थिए। प्रहरी निरिक्षक प्रकाश शर्माको नेतृत्वमा उक्त सुरक्षाफौज रहेको थियो। गाडीमा ४-५ जना र हतियारसहित अन्य प्रहरीहरू तयारी अवस्थामा हिडिरहेको समयमा उनीहरू मध्येको सञ्चारसेट समातेको एकजनाले गाडीमा भएकाहरूलाई ए ! अगाडीबाट झर् भन्यो। गाडी करिब १० मीटर पर धनुसागर छेउमा गएर रोकिनासाथ त्यहाँ भएका प्रहरीहरू झरी

एक पटक हवाई फायरिङ्ग भयो। एक जना अलि अगाडि चोकमा आई अन्धाधुन्दा गोली प्रहार गऱ्यो। प्रहार गरिएको गालीले चोकको उत्तर-पूर्व बसीरहेका राष्ट्रिय प्रजातन्त्र पार्टीका सक्रिय सदस्य रामचन्द्र यादवको मृत्यु भयो भने चिया पसलनेर उभिइरहेका राष्ट्रिय मावनअधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका कर्मचारी दयाराम परियार घाइते भए। जनकचोकदेखि करिब १५ मिटर उत्तर तर्फ रहेका दुई प्रहरीहरूले आफनो हातमा लिएका पिस्तोल खालका हतियार उत्तर शिवचोकतर्फ फर्की तीन फायर गरे।

रामचन्द्र यादवको घटना स्थलमा नै मृत्यु भयो भने आयोगका कर्मचारी दयाराम परियार गोली लागेपश्चात पूर्वतर्फ दगुर्दै गई दही पसलमा उभिई शिवचोकमा आएपछि केही मानिसहरूको सहायताले जनकपुर अंचल अस्पतालमा पुऱ्याइए भने मृतक रामचन्द्रको लास राति करिब ९:३० बजे प्रहरी आई लगेको र भोलिपल्ट अर्थात २०६२ चैत १२ गते पोष्टमार्टम नै नगरी परिवारलाई लास जिम्मा दिई सद्गत गर्न लगाईएको पाइयो।



**मृतक रामचन्द्र यादव**

**स्थानीय प्रशासन तथा प्रहरीको भनाई**

**हेमराजबहादुर मल्ल**, प्रहरी उपरीक्षक (एस.पी.)
जि.प्र.का., धनुषा

घटनाका समयमा हाम्रो फौज त्यहाँ थियो। घटनामा अर्को पक्षको हात हुन पनि सक्छ। घटना कसरी र कसले गऱ्यो हामीले छानबिन गरिरहेका छौं। त्यसका लागि एक छानबिन टोली बनेको छ। टोलीको रिपोर्ट आएपछि सोबमोजिम कार्वाही अगाडि बढ्छ। मृतक रामचन्द्र यादवको मृत्युको सम्बन्धमा जाहेरी पर्न आएको छ। हामीले घटनाको अनुसन्धान तहकिकात गर्दैछौं।



**माओवादीले कब्जापछि हत्या गरिएका प्रहरी रामनाथ यादव**

**प्रल्हाद पोखरेल**, का.मु. प्रजिअ, धनुषा

जनकचोकको घटनाको छानबिनका लागि कमिटी गठन गरिएको छ। उक्त छानबिन कमिटीले अनुसन्धान गरिरहेको छ। हामी तथ्य कुरा लुकाउने पक्षमा छैनौं। पीडितका परिवारहरूलाई क्षतिपूर्तिका लागि गृहमन्त्रालयमा

सिफारिस पठाइसकेका छौं। जनकचोकमा प्रहरीले गोली चलाएको हो तर कुन अवस्थामा कसरी गोली चलाइयो भन्ने यथार्थ जानकारीका लागि छानबिन समिति गठन भैसकेका छ।

**हरिहरण सुवेदी**, सेनानी, शाही नेपाली सेना

शुक्रबार मुजेलिया प्रहरी चौकीमा आक्रमण भएको जनकारी पाएपछि हामीले प्रहरीको सहायतार्थ सैनिक पठायौं। सहायता गर्न गएको सैनिकहरू पुगेकै थिएनन् कि जनकचोकमा गोली प्रहारबाट एक व्यक्ति ढलेको र अर्को एक घाइते भएको जानकारी आयो। पछि जनकपुर अञ्चल अस्पताल गएर मैले घाइतेको अवस्था हेरें। एक प्रहरी र मानवअधिकारकर्मीको अवस्था गम्भीर देखें। राती नै घाइतेलाई काठमाडौं पठाउने प्रयास सैनिक "एयर ट्रक" जनकपुरमा अवतरण गराउन नसकिने कारणले सम्भव भएन। भोलिपल्ट (शनिवार) विहान ७:४५ तिर घाइतेहरूलाई काठमाडौं उडाउन सकियो।



**गोली प्रहार गरिएको जनकचोक**

**निष्कर्ष तथा सुझाव**

धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १४ मुजेलियामा रहेको प्रहरी चौकीमा २०६२ चैत ११ गते साँझ अन्दाजी ५ बजेको समयमा गाडी प्रयोग गरी माओवादीहरूले गरेको आक्रमणमा २ जना प्रहरीको मृत्यु भएको पाइयो। त्यसमध्ये एक जनालाई भाग्दै गरेको अवस्थामा भुइँमा लडेपछि कब्जा गरी नमार्न अनुरोध गर्दा गर्दै गोली हानी हत्या गरेको पाइयो। घटनामा अन्य ५ जना प्रहरी घाइते भएको पाइयो। साथै घटना हुँदा सुरक्षित हुन कोठाभित्र जाने क्रममा एक सर्वसाधारणलाई सामान्य चोट लागेको पाइयो।

माओवादीहरूले कब्जापश्चात हत्या गरी मानवअधिकार र जेनेभा महासन्धिको साझा धारा ३ को पूर्ण रुपमा उल्लंघन गरेको पाइयो।

मुजेलिया घटनाको करिब डेढ घण्टापछि जनकपुर नगरपालिकाको जनकचोकमा प्रहरी निरिक्षक प्रकाश शर्माको नेतृत्वमा रहेको प्रहरीले अन्धाधुन्दा प्रहार गरेको गोलीबाट घाइते भएका मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारको उपचार गर्दागर्दै २०६२ चैत १५ गते बिहान २ बजे र रा.प्र.पा.का सक्रिय सदस्य रामचन्द्र यादवको घटना स्थलमै मृत्यु भएको पाइयो।

प्रहरीको हतास मानसिकता र हतियार उन्मादमा गोली चलाई घटना भएको पाइयो।

प्रहरीहरूको उक्त कार्यले मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६, नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको बाँच्न पाउने मानवअधिकार तथा मौलिक हकको पूर्ण रुपमा उल्लंघन भएको छ। त्यसै गरी मुलुकी ऐन ज्यान सम्बन्धी महलको व्यवस्था विपरीत मान्छेहरू मर्ने प्रष्ट देखिँदादेखिँदै मनसायपूर्वक गोली प्रहार गरिएको पाइयो। साथै घटनामा मानवअधिकार कर्मीहरूको अधिकार सम्बन्धी घोषणापत्र विपरीत जनकपुर काण्ड भएको छ।

मावनअधिकार सन्धि अनुगमन समन्वय समिति जनकचोक घटनाको निष्पक्ष छानबिन गरी घटनाका दोषी र गोली प्रहार गर्न उत्साहित गराउन फायरिङ गर्ने र उपस्थित भई सहयोग गर्ने संलग्न सबै प्रहरी सुरक्षाकर्मीहरूलाई कानुन बमोजिम कारबाही गर्न सरकारसँग माग गर्दछ र पीडितका परिवारहरूलाई तत्काल उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछ।

मुजेलियाको घटनामा माओवादीहरूले मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन गरेको पाइएकाले हत्यामा संलग्न रहेका सबैलाई कारबाही गर्न र मानवअधिकार तथा मानवीय कानूनको पालना गर्न जनाइएको प्रतिबद्धता पूर्णरुपमा पालना गर्न आग्रह गर्दछ।

**अनुसुची–१**
**घटनाका सम्बन्धमा स्थानीय मानवअधिकारकर्मी संस्थाहरूद्वारा जारी गरिएको विज्ञप्ती**

## संयुक्त प्रेस विज्ञप्ति

२०६२।१२।१२

२०६२।१२।११ गते साँझ करिब ५ बजे माओवादीदारा जनपा १४ स्थित मुजेलिया प्रहरी चौकीमा गरेको आक्रमणमा परि प्र.ह. रामनाथ यादव र प्रेम बहादुर स्याङ्.वोको मृत्यु हुन पुगेको छ भने दुई जना प्रहरी र एक सर्वसधारण घाईते हुन पुगेका छन् । त्यसै गरि सोहि साँझ ६.३५ बजे जनकपुरको व्यस्त बजार जनकचौकमा प्रहरीले अन्धाधुन्द चलाएको गोलिद्वारा राप्रपाका कार्यकर्ता जनपा ४ का रामचन्द्र यादव मृत्यु हुन पुगेको छ भने राष्टिय मानव अधिकार आयोग सर्म्पक कार्यालय जनकपुरका सुब्बा दयाराम परियारलाई कोखा र पेटमा गोली लागि मृत्युको दोषाधमा काठमाण्डौंमा उपचार भइरहेको छ ।

माओवादीको चौकी आक्रमणले जनकपुरको सम्पूर्ण जनजिवन त्रसितहुन पुगेको छ भने जनकपुरको व्यस्त बजार जनकचौकमा समसाँझै सुरक्षानिकाय स्वयमले चालाएको गोली र हवाई फाइरिङ्.गले सिंगो नगर नै आतंकित हुन पुगेको छ । अझ मानवअधिकार कर्मि तथा आयोगका कर्मचारी माथि समेत भएको आक्रमणले सम्पूर्ण मानवअधिकार समुदायलाई गम्भिर बनाएको छ ।

युध्दको समयमा पनि गैर सैनिक सर्वसाधारण नागरिकमाथि लक्षित गरेर आक्रमण गरिनु अन्तराष्टिय मानवीय कानूनको गम्भिर उल्घन ~~हुन पुगेको छ~~ मानीन्छ। तसर्थ हामी राज्य र माओवादी दुवै पक्षलाई मानव अधिकारको सम्मान र परिपालना गर्न आग्रह गर्दछौ साथै राज्यपक्ष संग घटनाको तत्काल छानबिन गरि दोषि उपर कारवाही गर्न, घाईतेको उचित उपचार गर्न मृतकका परिवारलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउन र दण्डहिनताको स्थितिको अन्तय गर्न जोडदार माग गर्दछौं ।

१. समाज उत्थान केन्द्र - अध्यक्ष नवराज बस्नेत
२. मानव अधिकार संरक्षण मंच - सचिव मुकेश कार्की
३. इन्सेक प्रतिनिध, धनुषा - रोशनदिप ढकाल
४. मानवअधिकार पत्रकार मंच, धनुषा - गोपाल अर्याले
५. मधेशि राष्टिय मंचका - चन्द्र देव राउत
६. मानवअधिकार पत्रकार मंच, जनकपुर - बि. एम. खनाल

**अनुसुची-२**
**रामचन्द्र यादवको पार्टी सदस्यता**

राष्ट्रियता प्रजातन्त्र उदारवाद

राष्ट्रिय प्रजातन्त्र पार्टी

केन्द्रीय कार्यालय, काठमाडौं



सक्रिय सदस्यता परिचयपत्र

परिचयपत्र नं. ज०क०१६६-२०१३२

नाम: श्री रामचन्दर यादव

जन्म मिति: २००६ साल

पद: सक्रिय सदस्य

सूर्यबहादुर थापा
केन्द्रीय अध्यक्ष

जिल्ला: धनुषा

निर्वाचन क्षेत्र: -४

गा.वि.स./न.पा.: जनकपुरधाम

वडा नं.: ४

प्रदान गरिएको मिति: २०४८-५-२१

नविकरण गर्ने मिति:

केन्द्रीय कार्यालयको छाप

यो परिचय पत्र राष्ट्रिय प्रजातन्त्र पार्टीको सम्पत्ति भएको हुँदा यसलाई सम्मानित ढंगले राख्नु हुनेछ। हराएको अवस्थामा फेला परेमा राप्रपाको कुनै पार्टी कार्यालय वा स्थानीय प्रशासनलाई बुझाई दिनु हुन समेत अनुरोध।